# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक


| वर्ष-५ | अंक-३१ | २०७७ फाल्गुन १२ गते बुधबार | 24 February 2021 Wednesday | मूल्य रू. १०/- |
|---|---|---|---|---|


## विद्युत् क्षेत्रमा तिव्र विकास हुँदै


मिसन न्यूज

कालिकोट


कर्णालीकै दोस्रो ठूलो जलविद्युत् आयोजनाको रूपमा लिइएको फुकोट कर्णाली हाइड्रोको सुरुङ निर्माणकार्यले तीव्रता पाएको छ । कर्णालीकै गौरवको आयोजनाका रूपमा हेरिएको हाइड्रोको निर्माणकार्यले तीव्रता पाएसँगै कालीकोट ऊर्जाको हबका रूपमा विकास हुने भएको हो । हालसम्म बिजुलीको राष्ट्रिय प्रसारण लाइनले समेत नछोएको यस जिल्लामा मुलुककै ऊर्जा क्षेत्रमा योगदान दिने गौरवको आयोजना निर्माण थालिँदा स्थानीय नागरिक पनि हर्षित छन् । सान्नीगाड साना जलविद्युत् आयोजना बाढी र पहिरोमा परेर बर्सेनि अवरुद्ध हुँदा अन्धकारमा बस्न बाध्य यहाँका नागरिक फुकोट कर्णाली हाइड्रोको सुरुङ निर्माणकार्य सुरु भएपछि उत्साही छन् । कोरोना भाइरसका कारणले निर्माणकार्यमा ढिलाइ भएको यो हाइड्रोको एक सय मिटरभन्दा बढी सुरुङ खन्ने काम सकिएको छ । आयोजना प्रमुख हिरावान वाइवाले आयोजनाको कुल लागत एक खर्ब रहेको बताए । सिस्नेगडामा ड्याम बनाई लुसाको मुनि पावर हाउस निर्माण गरी रेडगेलको मन्दिर र नरहरिनाथको सिमानाको बीचमा पानी खसालिने छ । कुल ४ सय ८० मेघाबाट क्षमताको यो आयोजनामा एक दशमलव पाँच किलोमिटर



कालीकोटमा निर्माणाधीन फुकोट कर्णाली हाइड्रोको सुरुङ निर्माण गरिँदै । तस्बिर : मिसन न्यूज

लामो र ११ मिटरको ब्यासको डाइभर्सन टनेलमार्फत नदीको पानी फर्काई मुख्य ड्यामको निर्माण गरिनेछ । मुख्य ड्यामदेखि करिब ६ किलोमिटर लामो हेडरेस (मुख्य) टनेलमार्फत पानी पठाई पावर हाउसमा खसालिनेछ । पावर हाउसबाट उत्पादित बिजुली चार सय केभीको प्रसारण लाइनमार्फत फुकोट सबस्टेसन रडगेलमा जोडेर राष्ट्रिय प्रसारण लाइनमा पठाइनेछ । हाल आयोजनाको विस्तृत अध्ययन सम्पन्न भइसकेको छ । यद्यपि वातावरण प्रभाव मूल्यांकन कार्य भइरहेको छ । वातावरण प्रभाव मूल्यांकनसम्बन्धी क्षेत्र निर्धारण तथा सर्तहरू वातावरण मन्त्रालयबाट स्विकृत हुने अवस्थामा छ । यो आर्थिक वर्षमा वातावरण प्रभाव मूल्यांकन अध्ययन सम्पन्न गर्ने लक्ष्य लिइएको छ । यो आयोजना प्राविधिक र आर्थिक दुवै हिसावले उत्कृष्ट रहेको छ । अनुमानित लागत एक खर्ब रहेको यो आयोजना नेपाल सरकार तथा विभिन्न सार्वजनिक संस्थाहरूको सेयर भएको कम्पनी विद्युत् उत्पादन कम्पनी लिमिटेडअन्तर्गत रहेको छ । कम्पनीले यो आयोजना निर्माणका लागि लगानी जुटाउन सुरुआत गरिसकेको छ । तसर्थ आयोजनाको लागि आवश्यक लगानी जुटेको अवस्थामा यो आयोजना निर्माण सुरु गरेको पाँच वर्षमा सम्पन्न हुनेछ । आयोजनाबाट लगभग

बाँकी ८ पेजमा.....

## भूमिहीनलाई लालपुर्जा

**कालिकोट**-जिल्लामा भुमी सम्बन्धी समस्या आयोगको एक कार्यक्रका विच कार्यालयको औपचारिक उद्घाट्न गरिएको छ । एक कार्यक्रमका बिच जिल्ला समन्वय समितिको भवनमा विभिन्न राजनितिकदल, सरकारी कार्यालयका प्रमुखहरुको उपस्थितिमा कार्यालय रहने गरी कार्यालयको समद्घाट्न गरिएको हो । भुमी सम्बन्धी समस्या आयोगका अध्यक्ष धिर बहादुर वमले कार्यालयको उद्घाट्न गरेका हुन । नेपाल सरकारले देशैभरी भुमीहिन हरुको समस्या सामाधानका लागी समिती बनाएर आफ्ना कामहरु संचालन गर्न गर्नका लागी प्रत्येक जिल्लामा समिति बनाएर भुमीहिन हरुका समस्या सामाधान गर्न लागिरहेको छ । २०७१, सालमा सरकारले सुकम्बासी आयोग बनाए पनी काम भने, संचालन गर्न सकेको थिएन । ७ वर्ष सम्म आयोग विहिन रहेको कालिकोटमा समितिनै भंग भएको थियो ।वर्तमान केपी ओली सरकारले देशैभर भुमी विहिनहरको समस्या सामाधानका



लागि आयोग गठन गरिसके पछी भुमी विहिनहरुले घरवास पाउने आषा पलाएको छ । गठन आदेशमा आयोगले भूमिहीन सुकुम्वासी र अव्यस्थित बसोवासीलाई जग्गा बाँड्नेसम्बन्धी कामको जानकारी आईसके पछी जिल्लामा काम सुरु हुने आयोगका अध्यक्ष धिरबहादुर वमले बताए । उनले भने, ' भूमिसम्वन्धी ऐन (आठौं संशोधन) २०७६ अनुसारनै आयोगले काम गर्ने छ । जसको सहयोग विभिन्न राजनितिक दल, स्थानिय तहको रहने विश्वास व्यक्त गरे । सर कारले आयोगलाई देशभर जग्गा खोजेर भूमिहीन र अव्यवस्थितलाई उपलब्ध गराउन तीन वर्षको समय दिएको छ । भूमिसम्बन्धी ऐन (आठौं संशोधन) २०७६ अनुसार गठन आदेश जारी गरी आयोग बनाइएको हो ।भुमी सम्वन्धी समस्या सामाधान आयोगका जिल्लाका अध्यक्ष धिरबहादुर वमको सभा अध्यक्षता, नेकपाका कन्द्रिय सदस्य विरेन्द्र बहादुर वोगटी, पुर्व जिविस उप सभापती सत्यबहादुर शाही, राप्रपाका नेता लालवहादुर मल्ल, धनबहादुर वटाला,महिला, मालपोत कार्यालयका प्रमुख नेत्रबहादुर शाही,महिला नेतृ दक्षिणा शाही, पार्वती सिंह,पत्रकार नागरिक

बाँकी ८ पेजमा.....

## काँक्रेविहारमा पर्यटकको भिड


लिलाराज सँज्याल

सुर्खेत


विश्व व्यापीरुपमा फैलिएको कोरोना महामारीको प्रकोपले पर्यटकहरुको आगमन ठप्प बनेको काँक्रेविहारमा आजभोली भने पर्यटकको चहलपहल हुन थालेको छ । सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ मा रहेको काँक्रेविहार क्षेत्र राष्ट्रिय सम्पदाको सुचिमा रहेको छ । कोरोना संक्रमणको डर तिव्र बनेसंगै विभिन्न मठमन्दिरहरुमा पर्यटक आउनकालागि बन्द गरिएको थियो । विश्वमा कोरोनाको संक्रमण घटेपछि पर्यटनहरुको भिड लाग्ने गरेको स्थानीय पर्यटक धनबहादुर खत्रीले बताए ।

सुर्खेतको प्रसिद्ध पुरातात्त्विक तथा ऐतिहासिक स्थल काँक्रेविहार जाने सडक जिल्लाकै सबैभन्दा बढी जीण भएका कारण यसमा जाने बाटो अझै व्यवस्थित भइदिए सहज हुने स्थानीय पर्यटक खत्रीले बताए । पर्यटन स्थलले भरीपुर्ण काक्रेविहार अझै संरचना बन्दै गरेको छ । लामो समयको कोरोना महामारी पछि काक्रेविहार स्थानीय पर्यटक आउने गरेको धादिङ्गका स्थानीय पर्यटक प्रेम



सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ मा रहेको काँक्रेविहार । तस्बिर : मिसन न्यूज

रम्तेलले बताए । हेर्नकालागि रमाईलो र केहि महिना पछि पुजा गर्ने गरी निर्माण भइरहेको स्थानीय रम्लेलले बताए । प्रसिद्ध पुरातात्त्विक तथा ऐतिहासिक स्थल काँक्रेविहारमा दैनिक सरदर ४ सयको हाराहारीमा आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् । कोरोनाका कारण स्थगित भएको यो मन्दिरमा महिनाको ७० सय पर्यटक आउने गरेको टिकट काउन्टर समिती विश्नु कार्कीले बताए । दशै पछि खुलेको यो मन्दिर काक्रेविहारमा सरदर महिनाको ७२ हजार आम्दानी हुने गरेको बताए । यो मन्दिर अवको २ महिना पछि संरचना बनिसक्ने काउन्टर समिती विश्नु कार्कीको भनाई छ । राष्ट्रिय सम्पदाको सुचिमा रहेको प्रसिद्ध दोस्रो गौतम बुद्ध मानीयको काकेविहार अझै संरचना विस्तार भई रहेको छ । कोरोना पछि संरचना विस्तार तथा पर्यटकहरुको आगमन ठप्प भएता पनि

बाँकी ८ पेजमा.....

# सम्पादकीय...

## इन्टरनेटमा सुविधा देउ

सरकारले एकातिर अत्यावश्यक सेवाको कोटीमा राखेर इन्टरनेटलाई महत्त्व दिएको देखाएको छ । अर्कातिर इन्टरनेट र यसको प्रयोगका निम्ति आवश्यक उपकरण तथा सेवामा दसौं प्रकारका कर लगाएर दोब्बर महँगो पनि बनाएको छ ।

राज्यले नै महँगो बनाएको इन्टरनेटमा सेवा प्रदायकले करमा समेत नाफा थप्दा अधिकांश उपभोक्ताका लागि इन्टरनेट सेवा 'तातो पिँडालु' हुनपुगेको छ ( निल्नु न ओकल्नु ! सामान्य नेपालीका लागि पनि इन्टरनेट सेवा विलासको वस्तु होइन भने विद्यार्थी, शिक्षक, चिकित्सक, पत्रकारजस्ता विभिन्न पेसाका लागि त इन्टरनेट आधारभूत आवश्यकता नै बनिसकेको छ । यसैले अत्यावश्यक सेवा मानिएको इन्टरनेट सेवा सर्वसुलभ बनाउनु राज्यको प्राथमिकता हुनुपर्ने हो । देशभर इन्टरनेट सेवा पुगेको र न्यून आयका उपभोक्ताले पनि प्रयोग गर्नसक्ने भएको भए कोभिड(१९ को प्रकोपका बेलामा बालबालिकाको पठनपाठन बन्द हुने थिएन । इन्टरनेट सेवा शिक्षाको अभिन्न अङ्ग भइसकेको छ भने नभएका ठाउँमा पनि बनाउनुपर्छ ।

अहिले नै प्रविधिमा पहुँचको खाडल धनी र गरिब तथा गाउँ एवं सहरबीच गहिरो र फराकिलो भइसकेको छ । अनेकौं शीर्षकमा कर थोपर्ने सरकारी नीतिले यो विभेद र विभाजन झन् बढ्नेछ । यसैले इन्टरनेटको पहुँच विस्तारका लागि अरू उपाय अपनाउनुसँगै अनुचित कर तत्काल हटाउनुपर्छ । सरकारले आफूले लगाएको विभिन्न करको तत्काल समीक्षा गरी समग्रमा इन्टरनेटको शुल्क उल्लेखनीयरूपमा घट्ने अवस्था बनाउनु आवश्यक देखिन्छ । साथै इन्टरनेट अत्यावश्यक सेवा भएकाले यसको मूल्य र पहुँचमा सरकारले निगरानी, नियमन तथा सहयोग पनि गर्नुपर्छ । आआफ्ना क्षेत्रमा इन्टरनेट सेवा सहज र सुलभ बनाउन तर्फबाट स्थानीय सरकारहरूले पनि प्राथमिकता दिनु जरूरी छ । इन्टरनेटमा अहिले गरिने लगानीले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको जस्तै निकट भविष्यमा नै पर्याप्त र दिगो प्रतिफल दिन्छ । देशलाई आत्मनिर्भर र विकसित बनाउने हो भने आधुनिक प्रविधिलाई प्रोत्साहित गर्न हिचकिचाउनु हुँदैन । इन्टरनेटमा कर थोपरेर राज्य समृद्ध हुँदैन । यसैले इन्टरनेटमा लगाइएको अनुचित कर तत्काल घटाउनु बुद्धिमानी हुनेछ । उपभोक्ताको ढाड सेक्नेगरी लगाइएको कर नहटाउने हो भने इन्टरनेटलाई अत्यावश्यक सेवाको कोटीमा नराखे हुन्छ ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**

**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

# अग्नि पीडितलाई राहत

**मिसन न्यूज**

**कालिकोट**

जिल्लाको तिलागुफा नगरपालिका वडा नं. २ रताडाका अग्नि पीडितलाई राहत वितरण गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको अगुवाइमा विभिन्न संघ संस्थाहरुले रताडाका



अग्नि पीडित ६ परिवारलाई राहत वितरण गरिएको हो । गत शुक्रबार मात्र रताडामा भएको आगलागीबाट पदमबहादुर बिक, झुप्री बिक, भैरे विक, दिपक बिक, अनिपाल बिक र धनि बिकको घर जलेको थियो । उनीहरुलाई जिल्ला विपद् व्यवस्थापन समितिबाट प्रति परिवार दुई कम्मल, तीन हजार रुपैयाँका दरले राहत वितरण गरिएको प्रमूख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले जानकारी दिए । उनका अनुसार आगलागीबाट समस्यामा परेका ६ दलित परिवारहरुलाई विभिन्न निकायबाट आवश्यक समाग्रीहरु सहयोग गरिएको छ । यस्तै नेपाल रेडक्रस सोसाईटीबाट प्रतिपरिवार एक सेट भाँडा, एक कम्मल, एक सेट लत्ताकपडा, एक त्रिपाल सहितका सामानहरु वितरण गरिएको रेडक्रस जिल्ला शाखाका सभापती बलप्रसाद संज्यालले बताए । उनका अनुसार आगलागीबाट पीडित परिवारहरुलाई तत्कालको समस्या समाधान गर्ने गरी अत्यावश्यक सामानहरु सहयोग गरिएको हो । तिलागुफा नगरपालिका प्रमूख रतनबहादुर शाही, जिल्ला प्रहरी प्रमूख डिएसपी चक्रबहादुर शाहा, सशस्त्र प्रहरी गुल्म कालिकोटका प्रमूख डिएसपी रामबाबु पाली बागटी लगायतका सरोकारवालाहरुको उपस्थितिमा तिलागुफा नगरपालिका सहित विभिन्न गैर सरकारी निकायहरुले दाल, चामल, नुन, तेल सहितका सामानहरु पनि वितरण गरिएको छ । २०७५ साल पुस ८ गते जिल्लाको पलाँता गाँउपालिका वडा नं. १ खाडामा यही पुस ८ गते राती भएको

**बाँकी ८ पेजमा.....**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**

**कर्णाली प्रदेश,नेपाल**

# आँटिला महिलामाथिः चोटिलो प्रहार



उमा पौडेल

बैनी विदेश गएको छोरी मान्छेलाई समाजमा अरु मान्छेहरुले पटक्कै मन पराउँदनैन् के गर्ने होला ? वैदेशिक रोजगारीको क्षेत्रमा काम गर्ने दौरानमा केही वर्ष अघि सगै कामगर्ने एकजना दिदीले यस्तो प्रश्न गर्नुभयो। उहाँ वैदेशिक रोजगारीबाट फर्किएर आउनुभएको हो। उहाँको यही प्रश्न आजभोली मेरो मानसपटलमा घुमिरहेको छ। काँडा बिझेर बनेको खिल निकाल्न सियोले पटकपटक घोच्नुपर्छ। उनलाई पनि समाजले त्यसैगरि घोचेको रहेछ। अनेक पटक घोचेपछि उनको मनबाट यस्तो प्रश्न आएको हुनुपर्छ। मैले ठम्याए। जुन उनको अनुहारबाट पनि झल्किन्थ्यो। सोधे के भयो र दिदी ? किन यस्तो भन्नुभएको ? मलिन अनुहारमा उहाँले भन्नुभयो, पहिले पहिलेको जस्तो गाउँका दिदीबहिनीहरु राम्रोसंग बोल्दैनन्।

खै उनीहरुलाई के लाग्छ मलाई देखेर कोही साउती मार्दै हिँड्छन्। कोही तर्कन खोज्छन्। कस्तो पिरो मन बनायो दिदीको कुराले। बलबुताले भ्याएसम्म सम्झाएँ र भने, कसले के भन्छ ? कसरी हेर्छ ? भन्ने कुरालाई वास्ता गर्नुहुन्न दिदी। तपाईंले प्रगति गरेको देखेर डाह गरेका हुन्, छाडिदिनुस्। जसले जे सुकै भनोस्। उहाँको गहिरो पीडाको लागि वजनदार ओखति त भएन मेरो भनाई। तर पनि केही राहत महशुस गर्नुभयो कि उहाँले ! काँडा निस्किएपछि टनटन गरेको ठाउँमा जसरी सन्चो हुन्छ, उसैगरी उनको मनभित्र गढेको पीडा चट्टै निको पार्ने कुनै औषधि भएको भए केही वर्षअघिको यो संवाद मैले स्मरण गर्नुको कारण हालसालै प्रकाशित भएका केही समाचारहरु हुन्। कोभिड-१९ को महामारी पश्चात् अहिले धमाधम नेपालीहरुलाई गन्तब्य मुलुकबाट स्वदेश फर्काउने कार्य भैरहेको छ। गएको शुक्रबार सरकारले दुबईबाट १ सय १ जना महिलाहरुलाई घर फर्कायो। सोही दिन केही अनलाईनमा समाचार देखिए, दुबईबाट नेपाल फर्किएका १ सय १ जना महिलामध्ये ९४ जना गर्भवती उक्त समाचारलाई शेयर गर्ने र कमेन्ट गर्नेको लर्को लाग्यो। समाचारमा गर्भवतीमध्ये २७ जनाका श्रीमान् साथमै नेपाल फर्किएको, बाँकि यू.एई.मै कार्यरत रहको र भिजिट भिसामा श्रीमान् भेट्न यू.एई. पुगेको विवरण उल्लेख भएको थियो।

त्यसबाहेक यस सम्बन्धी अन्य कुनै पनि जानकारी त्यहाँ उल्लेख गरिएको छैन। सोही शिर्षककै समाचारमा अन्य देशहरुबाट कति नेपाली फर्किए, कुनकुन एयरलाईन्सका जहाँजहरु आए भन्ने जस्ता जानकारीहरु समावेश भएका थिए। गर्भवती महिलाका सन्दर्भमा उक्त दुई वाक्यबाहेका अन्य कुनै तथ्य वा जानकारी थिएन। तर समाचारको मुख्य शिर्षक ९४ जना गर्भवती फर्किनुलाई बनाईएको थियो। त्यसको लगत्तै अर्कोदिन अर्को समाचार पनि सामाजिक संजालमा भाईरल बन्यो। शिर्षक थियो मलेसियाबाट फर्किएका महिलाको पीडाः प्रहरीले पक्रिएर चौकी हैन, लज पुर्‍याउँथे। तलपट्टी विदेश गएर फर्किएका महिलाहरुको अनुभवलाई यसरी हाईलाईटेड गरियो प्रहरीको गलफ्रेण्ड र साहुको नक्कली श्रीमती। यो समाचार ५८.६ प (५८ हजार ६ सय) शेयर भएको थियो। उक्त समाचारलाई पढ्न सक्ने र नसक्ने गरी कमेन्ट गर्नेहरुको लाईन थियो। वैदेशिक रोजगारबाट फर्किएकाहरुको पुनर्स्थापनाका लागि काम गर्ने संस्था पौरखी नेपालले वैदेशिक रोजगारबाट समस्यामा परेर फर्किएका १ हजार ७ सय ७७ महिलाहरुसंग केही वर्ष अघि एउटा सर्वेक्षण गरेको थियो। समस्या नै भोगेर फर्किएका भनिएका महिलाहरुमध्ये १ प्रतिशत (१८ जना) महिला वैदेशिक रोजगारमा जाँदा बच्चासहित फर्किएको, २ प्रतिशत (३४ जना) महिला गर्भवती भएर फर्किएको र ५ प्रतिशत (८३ जना) महिला अस्थिर मानसिक अवस्थामा फर्किएको पत्ता लागेको थियो। स्मरण रहोस् यो वैदेशिक रोजगारमा समस्यामा परेका महिलाहरुसंग गरिएको सर्वेक्षण हो। यसरी तथ्यांकलाई हेर्दा १ हजार ७ सय ७७ जना समस्यामा परेका महिलाहरुमध्ये जम्मा १ सय ३५ जनाले मात्रै वैदेशिक रोजगारका क्रममा समस्या भोगेका थिए। शेल्टरमा रहेमा अन्य महिलालाई नेपालमा परिवार तथा समाजमा पुनर्स्थापनाको समस्या रहेको थियो।

नेपाल सरकारले आर्थिक वर्ष २०५०र५१ देखि वैदेशिक रोजगारमा जानेहरुको तथ्यांकलाई दस्तावेज गर्न शुरू गर्यो। उक्त समयदेखि आर्थिक वर्ष २०७५र०७६ को तथ्यांकलाई हेर्दा ५१ लाख ३४ हजार १ सय ४५ जना पुरषहरु श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका छन् भने उक्त अन्तरालमा २ लाख १८ हजार २ सय ९७ जना महिला वैदेशिक रोजगारमा गएको तथ्यांक छ। वैदेशिक रोजगारमा गएका यी लाखौं महिलाहरुमध्ये केही महिलाहरुले पक्कै वैदेशिक रोजगारका कारण समस्या भोगेका छन्। तर धेरै महिलाहरुले वैदेशिक रोजगारबाट आम्दानीसंगै, सीप र प्रविधिहरु भित्र्याएका छन्। हाम्रोजस्तो पितृसत्तात्मक सोच भएको समाजमा विदेश गएर पैसा कमाएर परिवार धान्ने आँट गरेका छन्। राज्यको चौथो अंग संचार माध्यमजस्तो निकाय, जसले व्यक्तिको व्यवहार परिवर्तनदेखि सरकारको नीति निर्माण, परिमार्जन र कार्यान्वयनसम्ममा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। वैदेशिक रोजगारबाट यति महिला गर्भवती फर्किए, प्रहरीले चौकी भनेर लज लान्छन्, साहुको श्रीमती भएर बस्नुपर्छ भन्नेसम्मका समाचार प्रकाशन हुने संचारमाध्यममा किन विदेशबाट सफलतापूर्वक काम गरेर फर्किएका महिलाका कथा बाहिर ल्याइदैनन् ? किन ती आँटिला, हिम्मतिला र साहसिक महिलाहरु लाई उत्प्रेरणा जगाउँने गरी लेखिदैनन्, बोल्दैनन्। यसो भन्दै गर्दा सबै संचारमाध्ययहरुलाई एउटै खाडलमा राख्न खोजेकी भने पक्कै हैन।

वैदेशिक रोजगारबाट फर्किएका महिला बिटुला भन्दै आफ्नै श्रीमान्ले महिलाको योनीभित्र रड तताएर चोख्याएको घटना प्रत्यक्ष सुनेकी छु। विदेश गएकी अविवाहित महिलाको नेपाल फर्किएपछि चरित्रका कारण विवाह हुन नसकेका कथाहरु मेरा कानमा गुन्जिरहेका छन्। के समाजमा महिलाहरुले भोगिररहेका यस्ता समस्याहरुको कुनै मूल्य छैन ? विदेश जाने महिलाको विषयमा गलत टिकाटिप्पणी गर्ने संचारमाध्ययले वैदेशिक रोजगारमा भएका र फर्किएका महिलाका विषयमा संवेदनशील बन्नु पर्छ कि पर्दैन ? संवेदनशील नबन्ने हो भने महिलाले परिवार र समाजबाट भोगका यस्ता गलत व्यवहारको जिम्मेवारी संचारमाध्यमले लिनु पर्छ कि पर्दैन ? **महिलाखबर**

# घरदैलोमा स्वास्थ्य सेवा पाउँदा स्थानीय उत्साहित

मिसन न्यूज
जुम्ला

गुठिचौरगाउपालिका ३ की ७६ वर्षिया नानिकला बुढा पोट दुख्ने, शरिरिर दुख्ने र खान नरुच्चने समस्याले ग्रस्त थिइन । वर्षौ देखीको रोग पालेर बसेको उनी सदरमुकामा रहेको स्वाथ्यबिज्ञान प्रतिष्ठानमा आएर उपचार गर्न सक्ने अवस्था थिएन । नन्दबक्स गणले, कर्णाली स्वास्थ्यबिज्ञान प्रतिष्ठान र स्थानियतहको समन्वयमा बृहत निशुल्क स्वाथ्य शिविर घरआंगनमै संञ्चालन गरेपछि उनले उपचार गर्ने अवसर पाएको बताईन । उनी मात्रै होइन ,गुठीचौर ४ की अर्की स्थानिय महिला कला बुढाकोले पनि घरदैलोमै उपचार गर्न पाएको भन्दै हर्षित बनिन् । यो शिविरले, बिषेश गरी महलिा र अंङगता भएका व्यक्ति लाई सहज भएको छ ।

जुम्लाको गुठिचौर गाउँपालिका ३ गर्ज्याकोटमा नेपाली सेनाले विशेषज्ञ स्वास्थ्य सेवा दिएको हो । नेपाली सेनाको जुम्ला स्थित श्री नम्बर २४ बाहिनीअड्डा, नन्दबक्स गण,र श्री २४ नम्बर फि.ए गुल्मले संयुक्त रुपमा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराएको नन्दबक्स गणका गणपति दिवाकर रायमाझीले बताए । उनले भने , स्त्री रोग र जनरल मेडिसिन तर्फको सेवा दिइएको छ । कोभिड १९ का कारण स्वास्थ्य संस्था र अस्पताल सम्म पुग्न नसकेका मानिसहरुका लागि यो सेवा लक्षित भएको उनको भनाई छ। उनले थपे, विशेषज्ञ सेवा दिनको लागि नेपाली सेना भित्रको र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लाका विशेषज्ञ चिकित्सक गाउँमै पुगेका छन । स्वास्थ्य सेवा लिन विहानै देखि स्थानीयको बाक्लो सहभागिता रहेको पाइएको



छ । स्थानिय कला बुढाले भनिन, सामान्य बिरामीको उपचार र जटिल रोगको समेत सेवा पाउँदा उत्साहित भएका छौ । न्युन आय भएका नागरिकलाई यो शिविरले गाउँमै अस्पताल भएको जस्तो अनुभुति दिलाएको छ । श्री नम्बर २४ बाहिनी अड्डाका बाहिनीपति यमबहादुर सापकोटालेभन, ,कोभिडका कारण स्थानीय अस्पताल सम्म पुग्न सकेका छैनन । रोग बोकेर गाउँमै थन्किएका नागरिकको लागी हामीले यो शिविर संञ्चालन गरेका हौ । त्यसका लागि यो नेपाली सेनाले दिएको विशेषज्ञ स्वास्थ्य सेवा उपलब्धिपुर्ण हुने छ। जटिक खालका बिरामीलाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा रेफर गरेर उपचार हुने छ ,बाहिनीपतिसापकोटाले भने , विहान ७ बजेदेखि बेलुकी ५ बजे सम्म विशेषज्ञ सेवा दिइएको छ । स्थानीय पनि निकै उत्साहित भएर स्वास्थ्य सेवा लिन सहभागि भएका थिए । जव मान्छे पुर्णरुपमा स्वास्थ हुन्छ । तब मात्र सामाजिक, आर्थिक क्रियाकलापमा सक्रिय हुन सक्छ। त्यसैले नियमित चेकजाँच गर्न र स्वास्थ्य प्रति संवेदनशिल बन्न यो विशेषज्ञ सेवाले महत्वपुर्ण अर्थ राखेको छ । त्यस्तै गुठिचौर गाउँपालिका अध्यक्ष हरीबहादुर भण्डारीले सेनाले स्वास्थ्य सेवा मार्फत जनसम्बन्ध सुमधुर बनाउन थालेको अनुभुति भइरहेको बताए । उनले भने,नेपाली सेना पटक पटक गाउँपालिकामा आएर हरेक बिषयमा तालिम प्रशिक्षण गर्दै सम्बन्ध विस्तार गरिरहेको छ। यो राम्रो कार्य हो। आगामी दिनमा भौतिक पुर्वाधार निर्माण र सचेतनाका क्रियाकलापमा सहकार्य गर्ने आशा गरेका छौ । वडाध्यक्ष प्रेमबहादुर बुढाले गाउँमा सेनाको स्वास्थ्य शिविर बसेर विशेषज्ञ स्वास्थ्य सेवा लिन पाउँदा उत्साहित बनाएको बताए । उनले भने, सेनाले संञ्चालन गरेको शिविर आभार ब्यक्त गरे । बाहिनीपति सापकोटा र गणपति रायमाझी गाउँमै खटिएर स्वास्थ्य सेवा दिएका हुन् ।

घरदैलोमा स्वास्थ्य सेवा पाउँदा स्थानीय उत्साहित बनेका छन । त्यस्तै स्वास्थ्य सेवा दिनेक्रममा नजिकैको शंकर माध्यमिक विद्यालयलाई खुलकुद सामाग्री समेत बितरण गरेको थियो। बाहिनीपति सापकोटाकाले आपत विपत पर्दा आवश्यक पर्ने ज्ञान सीपका बारेमा समेत सचेतना दिइएको बताए। स्वास्थ्य शिविर बाट ४ सय ३८ जनाले चेकजाँच गराएका छन । पछिल्लो समयमा जुम्लास्थित नेपाली सेनाले हरेक नागरिक संग आत्मीयता बढाउदै गएको छ। नेपालको सैनिक र राजनीतिक इतिहासमा नागरिक र सेनाको सम्बन्ध बढाउने प्रयास नौलो होइन। तर नन्दबक्स गण जुम्ला गरेको समाजिक कार्यले सैनिक र नागरिक बिचको सम्बन्ध प्रगाड बन्दै गएको हो । सेनाले आगलागी, भूकम्प, बाढी, डुबान जस्ता विपद्को अवस्थामा, विपद्को दौरान र विपद् पश्चात कसरी सर्वसाधारणको उद्धार गर्ने भन्ने विषयमा सेमत पटक पटक अभ्यास गराउदै आएको छ ।


## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# विद्यालयका प्रधानाध्यापक र शिक्षक विहिन

मिसन न्यूज
कालिकोट

कविता चौलागाई अहिले कक्षा १० मा पढ्छिन् । उनी जिल्लाको शुभकालीका गाउँपालिका-४ मा रहेको महादेव माविमा अध्ययरत छात्रा हुन् ।



केही महिना कोरोना भाईरसले विद्यालय नियमित संचालन नभएपनि अहिले विद्यालय संचालन भइरहेको छ । उनी प्रत्येक दिन विद्यालय त जान्छिन् तर विद्यालयमा गएपछि उनले आफुलाई पढाउने शिक्षकको अनुहार समेत देख्न पाएकि छैनन् । उनी मात्र होइन महादेव माविमा अध्ययन गर्न सर्लाही जिल्लाबाट आएका विक्रम शाह रौहनियारले पनि शिक्षकको अनुहार देख्न पाएका छैनन् । पूर्ण छात्रबृतिको कोटाबाट कालीकोटमा आइएसी एजी अध्ययनका लागि आएका शाहले आफु पढ्ने विद्यालयका प्रधानाध्यापक र शिक्षक को हुन् भन्ने मेसो पनि पाउन नसकेको गुनासो गरे । उनले भने, 'सर्लाहीबाट छात्रवृतिमा अध्ययन गर्न आएको १ वर्ष भयो मैले मेरो विद्यालयका प्रधानाध्यापक को हुन् भन्ने सम्म पनि थाहा पाएको छैनन् ।' उसो त विद्यालयमा नियमित प्रधानाध्यापक र शिक्षक उपस्थित हुने भए आफ्ना शिक्षकको अनुहार विद्यार्थीले हेर्न पाउने थिए । कहिले कसो आउने विद्यालयका प्रधानाध्यापक दुर्गबहादुर शाहीलाई महादेव माविका विद्यार्थीले राम्रो संग चिनेका पनि छैनन् । विद्यालयमा नियमित नआउने प्रधानाध्यापक र शिक्षकलाई कसरी सेवा सुविधा प्रदान गरिन्छ भन्दै महादेव माविका विद्यार्थीले प्रश्न गरे ? विद्यालयमा शिक्षक नियमित छन् भनेर वडाले हाजिरी प्रमाणित कसरी गर्यो भन्दै प्रश्न उठाएका छन् । शुभकालीका गाउँपालिकाको महादेव माविमा किर्डाक नेपाल द्धारा संचालीत सहयात्रा परियोजनाले आयोजना

बाँकी ८ पेजमा.....

# द्रुत मार्ग बन्दै कर्णाली करिडोर

मिसन न्यूज
कालिकोट

कर्णाली प्रदेश सरकारले कर्णाली करिडोरलाई विकास मार्गका रूपमा लिएको छ । त्यसैले प्रदेश सरकारले यस सडकलाई सुर्खेत-हिल्सा द्रुत मार्गका रूपमा प्रस्ताव गरेको छ । यस मार्गलाई छिटो बनाउन प्रदेश सरकारले चीनको चाइना रेलवे इन्जिनियरिङ रेलवे ग्रुपलाई अध्ययन गर्न दिएको



थियो । त्यस अध्ययनमा सुर्खेतदेखि हिल्सासम्मको ४१० किलोमिटर सडक पाँच वर्षमा निर्माण गर्न सकिने र लागत ६४ अर्ब रुपियाँ लाग्ने उल्लेख छ । अध्ययनमा १० घण्टामा सुर्खेत(हिल्सा यात्रा गर्न सकिने जनाइएको छ । कर्णालीको विकासमार्ग मानिएको कर्णाली करिडोरको कामलाई द्रुतगतिमा अगाडि बढाउन प्रदेश सरकारले माग गरिरहेको छ । हुम्ला जिल्लाको सलीसल्लादेखि सिमकोटसम्मको १४५ किलोमिटरलाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरिएको छ । २०६४/६५ देखि सुरु भएको यो आयोजनाको प्रारम्भिक लागत अनुमान चार अर्ब १० करोड रहेकोमा २०७६/७७ सम्ममा ९० करोड ६१ लाख रुपियाँ खर्च भइसकेको छ । चालू आर्थिक वर्षका लागि ६२ करोड २८ लाख रुपियाँ विनियोजन गरिएकोमा पुससम्ममा चार करोड छ लाख रुपियाँ खर्च भएको छ । चालू आर्थिक वर्षको पहिलो छ महिनाको भौतिक प्रगति १० प्रतिशत मात्रै रहेको अर्थ मन्त्रालयले सार्वजनिक गरेको आव २०७७/७८ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनमा उल्लेख छ । कर्णाली र प्रदेश ५ का हिमाली र पहाडी जिल्लालाई सडक यातायात सञ्जालमा आबद्ध गरी हिल्सा, हुम्लादेखि नेपालगञ्ज, बाँकेसम्म जोड्ने गरी राष्ट्रिय गौरवको आयोजनाका रूपमा यस आयोजना प्रारम्भ भएको हो ।

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# चैत १५ बाट बृहत फुटबल प्रतियोगिता

मिसन न्यूज
कालिकोट



आउदो चैत महिनाको १५ गतेबाट कालिकोटमा बृहत फुटबल प्रतियोगिता सुरु हुने भएको छ। कालिकोट जिल्ला फुटबल सघंले प्रदेश फुटबल लिगको तयारीका साथै सर्वाधिक पुरस्कार राशीको जिल्ला लिग फुटबल प्रतियोगिता आयोजना गर्न लागेको आयोजकले जनाएको छ। फुटबल संघका प्रतिनिधि सुरेश वमका अनुसार, जिल्लाका नयाँ दर्ता हुन चाहने तथा दर्ता भई सकेका पुराना क्लबहरुलाई तपशिल प्रक्रिया पुरा गर्दै लिगको तयारी शुरु गर्न अनुरोध गरेका छन । सम्पुर्ण दर्ता भएका क्लबहरु बिच नकआउट प्रतियोगिता संचालन गरि त्यसबाट छनौट भएका ८ क्लबहरु बिच लिग प्रतियोगिता संचालन बमले जानकारी दिए । पुराना तथा नयाँ क्लबहरुले यहि आउँदो फाल्गुण १५ गते देखि २८ गतेसम्म कालिकोट जिल्ला फुटबल सघंमा आफ्नो क्लव दर्ता गराई गराउन र सो मितिदेखि पछि दर्ता हुन आएका क्लबहरुलाई प्रतियोगितामा समावेश नगरिने बताए। कालिकोट जिल्ला फुटबल सघंमा आवद्ध भएको ६ महिना भित्र क्लवले दहाय वमोजिमका सर्त पुरा गर्न पनी भनेको छ। जिल्ला प्रसासन कार्यालय वा प्रचलित कानुन अनुसार तोकिएको निकायमा दर्ता भई प्रत्येक बर्ष नविकरण गरेको हुनु पर्ने, क्लबको बैंक खाता भएको हुनु पर्ने, क्लवले स्थायी लेखा नं. (पान नं.) लिएको हुनु पर्ने, प्रत्येक टिमले खेलाडी र एक जना म्यानेजर (कोच) को नाम, दुई प्रति फोटो तथा परिचय पत्र (नागरिकता, विद्यालय तथा क्याम्पसको परिचय पत्र) अनिवार्य रुपमा पेश गर्नु पर्ने र टिम दर्ता शुल्क रु. ५,००० (पाँच हजार) लाग्ने आयोजकले भनेको छ । लिगमा प्रथम स्थान प्राप्त गर्ने क्लबले पुरस्कार स्वरुप (पचास हजार) नगद सहित,कप मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ र प्रदेश फुटबल लिगमा भाग लिन पाउने, लिगमा द्धितिय स्थान प्राप्त गर्ने क्लबले पुरस्कार स्वरुप (तिस हजार) नगद सहित, मेडल तथा प्रमाणपत्र पाउने, लिगमा प्रवेश गरेका सम्पुर्ण क्लबहरुलाई तयारी लागत (दश हजारका दरले ८ वटा क्लबहरुलाई दिईने, सर्वोत्कृष्ठ गोलकिपर, डिफेण्डर, मिडफिल्ढर, स्ट्राईकर तथा सर्वाधिक गोलकर्तालाई विशेष पुरस्कारद्धारा सम्मानित गरिने पनी जनाइएको छ । चैत्र १५ गते हुने फुटबल प्रतियोगिता भव्यरुपमा सफल पार्न सवैले आफनो क्षेत्रबाट सहयोग गर्न सवैलाई अनुरोध रहेको संघका प्रतिनिधि दिनेश विर्क्म शाहीले बताए ।

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौं। गरिबी न्यूनिकरण गरौं।

खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय
कर्णाली प्रदेश, कालिकोट
नेपाल

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# सरकारले कोरोना स्वास्थ्य सामाग्री पुऱ्याउदै

**मिसन न्यूज**

**काठमाडौं**

सरकारले सबै प्रदेशमा कोरोना रोकथामका लागि अत्यावश्यक स्वास्थ्य सामाग्री पुऱ्याउने भएको छ। नेपाली सेनाको हेलिकप्टर र स्थलमार्गवाट सबै प्रदेशमा स्वास्थ्य सामाग्री पठाइएको हो। चीन सरकारले उपलब्ध गराएको र नेपालले किनेर ल्याएका सामाग्री प्रदेश हुँदै जिल्ला तहसम्म रहेका स्वास्थ्य संस्थामा पुऱ्याउन लागिएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। प्रदेश मार्गबाट सेनाको स्काई ट्रकमा औषधि र उपकरण पठाइएको छ। प्रदेश १ र कर्णाली प्रदेशका लागि उडेको नेपाली सेनाको स्काईट्रकमा अध्याधिक गन्ध आएपछि काठमाडौं फर्काइएको छ। स्काईट्रकभित्र अध्याधिक क्लोरिनको गन्ध फैलिएपछि काठमाडौं फर्काइएको हो। क्लोरिन निकालेर दुबै ठाँउमा बेलुकासम्म सामाग्री पठाइने सेनाले जनाएको छ। चीनबाट ल्याइएका पाँच वटा पीसीआर मेसिनमध्ये चार वटा प्रदेश दुई, प्रदेश पाँच, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा




एकको विराटनगर, कर्णालीको सुर्खेत र सुदुरपशिचमको धनगढीमा सेनाको हेलिकप्टर मार्फत मास्क, स्यानिटाइजर, चिकित्सकको व्यक्तिगत सुरक्षा सामाग्री 'पीपीई' पठाइएको हो। बुटवल, पोखरा, हेटौंडा र जनकपुरमा स्थल पठाउने र एउटा काठमाण्डौमै तयारी अवस्थामा राखिने स्वास्थ्य मन्त्रालयले जनाएको छ। उपकरण पठाएपछि सम्बन्धित प्रदेशमा कोरोनाको परीक्षण गर्न सुरु हुनेछ। अहिले काठमाडौं र धरानवाट मात्रै परीक्षण भैरहेको छ।

# दक्षिण एसियामा कोरोना भाइरस फैलिदै

**एजेन्सी**

**एसिया**

कोरोना भाइरसको संक्रमण दक्षिण एसियामा पनि फैलदो क्रममा रहेको छ। बिशेष गरी पछिल्लो समयमा भारत र पाकिस्तानमा भाइरस तिब्र



रुपमा फैलिरहेको छ। भारतमा कोरोना भाइर सका कारण मर्नेको संख्या संख्या २७ पुगेको छ। १ हजार २४ जनामा संक्रमण पुष्टि भएको छ। संक्रमण तीव्र रुपमा बढेपछि भारत २१ दिने लकडाउनमा छ। पाकिस्तानमा पनि संक्रमितको संख्या बढिरहेको छ। अहिलेसम्म एक हजार ५ सय ९७ जनामा संक्रमण देखिएको छ। मृत्यु हुनेको संख्यया १४ पुगेको छ। पाकिस्तानको पन्जावमा मात्रै चार सय ६९ जनामा संक्रमण फेला परेको छ। फेब्रुअरी २६ मा पाकिस्तानमा संक्रमणको पहिलो घटना सार्वजनिक भएको थियो। बंगलादेशमा ४८ जनामा संक्रमण देखिएको छ भने पाँच जनाको मृत्यु भएको छ। श्रीलंकामा १ सय १७ जनामा संक्रमण देखिएको छ।
संक्रमणवाट एक जनाको मृत्यु भएको छ। माल्दिभ्समा १७, भुटानमा ४ र अफगानिस्तानमा १ सय २० जनामा संक्रमण देखिएको छ भने ४ जनाको मृत्यु भएको छ। नेपालमा पाँच जनामा संक्रमण भेटिएको छ। तिमध्ये एक उपचारपछि घर फर्किसकेका छन।

# सताको भाग्यफल

| | |
|---|---|
| **मेष :** | बोली र व्यवहारले धेरैलाई प्रभावित पार्न सकिनेछ। कामको प्रभावले विशेष अवसर दिलाउनेछ। अध्ययनमा प्रगति हुनेछ र मिहिनेत गर्दा लेखनमा पनि निखारता आउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काम सम्पादन हुनेछ। व्यापारमा फाइदा हुनेछ। |
| **वृष :** | इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ। नयाँ काम थाल्न सकिनेछ र व्यक्तित्व निखार्ने अवसर जुट्नेछ। सोमवारदेखि मित्रहरूको सहयोगले हौसला प्रदान गर्नेछ। आयस्रोत बढ्नुका साथै दिगो काममा सम्झौता हुन सक्छ। बुद्धिको उपयोगले विद्या र धन आर्जन हुनेछ। |
| **मिथुन :** | प्रारम्भमा व्ययभार बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। खर्च लागे पनि दिगो काममा लगानी गर्ने अवसर जुट्न सक्छ। सोमवारदेखि आफन्तसँगको सम्पर्कले मनमा आनन्द मिल्नेछ। नयाँ काममा हात हाल्ने अवसर जुट्नेछ। |
| **कर्कट :** | प्रारम्भमा आयआर्जनमा कमी आउनाले कर्जामार्फत धन जुटाउनुपर्ला। खर्चिलो काम थाल्दा अर्थअभाव हुन सक्छ। केही अवसर प्राप्त भए पनि ठूलो उपलब्धि हातपार्न समय लाग्नेछ। टाढाका साथीभाइसँगको सम्बन्धले लामो यात्रा गर्ने अवसर भने जुट्न सक्छ। |
| **सिंह :** | साता उत्साहवर्द्धक रहनेछ। प्रारम्भमा गरेको कर्मले सफलताको उचाइमा पुर्याउन सक्छ। काम देखाएर उपलब्धि हातपार्ने समय छ। प्रयत्न गर्दा विशेष जिम्मेवारी वा नोकरी प्राप्त हुन सक्छ। विशिष्ट व्यक्तिसँग मित्रता बढ्नेछ। परिश्रमअनुसार राम्रै फल पाइनेछ। |
| **कन्या :** | केही समय अरूका लागि जुट्नुपरे पनि बिस्तारै काम सम्पादन हुनेछ। रोकिएका काम बन्नाले नयाँ कर्मतर्फ अग्रसर भइनेछ। अनुभव देखाएर उपलब्धि हातपार्ने समय छ। हिम्मत गर्दा प्रतिष्ठित जिम्मेवारी समेत हातपार्न सफल भइनेछ। |
| **तुला :** | प्रारम्भमा अस्वस्थताका बीच कामको बोझ बढ्नेछ। परिस्थितिसँग सम्झौता गर्नुपर्दा केही चुनौती पनि देखिनेछन्। आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन्, सजग रहनुहोला। सोमवारपछि स्थितिमा सुधार आउनेछ। सानो प्रयत्नले काम बन्नेछ भने अवसरले उत्साह जगाउनेछ। |
| **वृश्चिक :** | प्रियजनसँग भेटघाट हुनाले साताको प्रारम्भ रमाइलो रहनेछ। तर सोखले खर्च बढाउनेछ भने वादविवादले गहिरो सम्बन्धमा आघात पुग्न सक्छ। आतिथ्य पनि खर्चिलो हुने समय छ। सोमवार र मंगलवार अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला। |
| **धनु :** | प्रारम्भमा प्रतिस्पर्धीहरू पछि पर्नेछन् र कर्मयोगले फाइदा दिलाउनेछ। मिहिनेतले विशेष अवसर हात पार्न सकिनेछ। सोमवार र मंगलवार यात्रा, मनोरञ्जन र पारिवारिक भेटघाटमा अलमलिनुपर्ला। रमाइलो परिस्थितिलाई वादविवादले खलबल्याउन सक्छ। |
| **मकर :** | ईर्ष्या गर्नेहरूले सताए पनि मिहिनेतले विशेष अवसर दिलाउन सक्छ। अध्ययनमा प्रगति हुनेछ र सहपाठीहरूलाई पछि पार्न सकिनेछ। कर्मयोगले सफलताको उचाइमा पुर्याउनेछ। प्रतिस्पर्धीहरू स्वतः पछि पर्नेछन्। प्रयत्न गर्दा यात्राको अवसर जुट्न सक्छ। व्यापार र उद्योगमा सामान्य फाइदा हुनेछ। |
| **कुम्भ :** | प्रारम्भमा अन्योल बढ्ने हुँदा काम बिग्रने चिन्ताले सताउन सक्छ। नजिकका साथीभाइ टाढिनाले आत्मबलमा कमी आउनेछ। अध्ययनमा केही व्यवधान हुन सक्छ। तापनि सोमवारदेखि स्थिति अनुकूल बनाउन सकिनेछ। मिहिनेतले प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ। |
| **मीन :** | प्रारम्भमा विशेष अवसर प्राप्त हुनाले काम बन्नेछ। पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ। दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ। तर सोमवारदेखि पारिवारिक उल्झनमा परिनेछ। साइनो गाँस्नेहरूबाट अलि सजग रहनुपर्ला। |

## विद्युत् क्षेत्रमा तिव्र....................

एक हजार रोपनी जग्गा डुबानमा पर्नेछ भने रास्कोट नगरपालिका, सान्नित्रिवेणी र पचाल झरना गाउँपालिका केही भूभाग प्रभावित हुनेछ । यस्तै खाँडाचक्र नगरपालिकाको थोरै भूभाग प्रभावित हुनेछ । कम्पनीले यो आर्थिक वर्षमा सम्पूर्ण डुबानमा परेका जग्गा प्राप्त गर्ने लक्ष्य लिइएको छ । हालसम्म आयोजनाको कार्यालय भवन र कर्मचारी आवास गृह निर्माणको लागि आवश्यक रकुस्थित १ सय ३५ रोपनी जग्गा प्राप्त गरिसकेको छ ।

हाल जमिनमुनिको चट्टानको अवस्था अध्ययन गर्न पावर हाउसमा ५ सय ६ मिटर र ड्याम साइटमा १ सय ४० मिटर गरी जम्मा ६ सय ४६ मिटर परीक्षण टनेल निर्माणकार्य भइरहेको छ। साथै रकुस्थित प्राप्त गरेको जग्गामा एउटा कार्यालय, एउटा पाहुना घर, पाले घर, कम्पाउन्ड वाल र पहुँचमार्ग निर्माणको लागि निर्माण व्यवसायीको नियुक्त गरी साइट परिचालित भइसकेको छ । सान्नी त्रिवेणीगाँउपालिकाको सिस्नेगडामा १ सय ६० मिटर अग्लो बाँध हालेर बनाइनेछ। आयोजनाको सुरुङ खन्न टनेल बोरिङ मेसिन (टीबीएम) प्रविधि प्रयोग गरिएको छ । राष्ट्रिय गौरवको आयोजना कर्णाली करिडोर निर्माणकार्यदेखि फुकोट कर्णाली हाइड्राले कर्णालीवासीलाई विकासको अनुभूति दिएको स्थानीय अगुवा दमनबहादुर शाहीले बताए। नेपाल सरकारको नेपालको पानी जनताको लगानी, हरेक नेपाली विद्युत्को सेयर धनी भन्ने मूल नाराका साथ उज्यालो नेपाल अभियानमार्फत राज्यलाई आत्मनिर्भर, समुन्नत र समृद्ध बनाउने लक्ष्यसहित २०७३ सालमा विद्युत् उत्पादन कम्पनी लिमिटेडको स्थापना गरेको थियो। जसमा नेपाल सरकार, विभिन्न संघसंस्था र सर्वसाधारण नागरिकहरूको पनि लगानी गरेको छ । जुन कम्पनीअन्तर्गत नेपालका ६ वटा विद्युत् आयोजनाहरू रहेका छन्। जसमा फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत् आयोजना एक हो। यो आयोजना सरकारको प्राथमिकतामा परेको आयोजना हो। फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत् आयोजनाले राष्ट्रको ढुकुटीमा वृद्धि गर्नुका साथै कालीकोट र कर्णालीवासीको आर्थिक समृद्धि हुने अपेक्षा गरिएको छ । औद्योगिक विकासका लागि पहिलो आवश्यकता ऊर्जा हुने बताउँदै विकल्प नपाउँदा कालापहाड जाने यहाँका युवाहरूका लागि गाउँमै अवसरको मुहान फुट्ने बताइएको छ ।

## विद्यालयका प्रधानाध्यापक.............

गरेको बाल कचहरीमा विद्यार्थीले यस्तो प्रश्न उठाएका थिए । बालकचहरीमा बोल्दै सोही विद्यालयमा अध्ययनरत सुरेन्द्र पाण्डेले प्राय शिक्षकहरु मद्यपान र धुम्रपान गरेर विद्यालयमा आउने आएपनि नपढाउने भन्दै गुनासो गरेका थिए ।

महादेव माविमा अध्यापन गराउने अधिकाँ शिक्षक मदिरा सेवन गरि विद्यालयमा आउने गरेका छन्। २०२० सालमा स्थापना भएको विद्यालयको अहिलेसम्म पनि स्तरउन्नती नहुनुमा विद्यालय व्यवस्थापन समिति मुख्य दोषि भएको अभिभावकको गुनासो रहेको छ। महादेव मावि अहिलेसम्म राजनीतिक खिचातानीले विकास हुन नसकेको नागरिकको प्रश्न छ। अहिलेसम्म पनि विद्यालयको गतिलो भवन छैन । विद्यालयमा कम्प्यूटर ल्यावको स्थापना गरिएको छ । तर अहिलेसम्म हाम्रा नानिबाबुले कम्प्यूटर देख्न नपाएको अभिभावकले बताए ।

## काँक्रेविहारमा...................

दशैं तिहारबाट संचालनमा आएको छ । सुर्खेत उपत्यकाको दृष्यावोलोकनको उपयुक्त स्थान वृक्षारोपण, चक्रपथ, वन्यजन्तु र पुरातात्विक वस्तुहरुले मोहोनी लगाएको छ । काँक्रेविहार आन्तरिक तथा बाह्य पर्यटकको लागि सुन्दरताले भरिएको स्थलको रुपमा लिने गरिएको छ । सुनेको काँक्रेविहार भन्दापनि देखेको काँक्रेविहारले पर्यटकलाई निकै खुसी बनाएको छ। काँक्रेविहारमा सहभागीलाई वनभोजको लागि पनि उपयुक्त ठाउँ छ । दृश्य अवलोकन गर्न यो प्रशिद्ध ठाउँमा पर्यटकको भिड लग्ने गरेको छ ।

## भूमिहीनलाई.....................

समाज, मानव अधिकारकर्मी लगायतको उपस्थितिमा कार्यालयको उद्घघाट्न गरिएको थियो । उद्घघाटन कार्यक्रममा अधिकांस वोल्ने बक्ताहरुले, भूमिहीनलाई जग्गा वितरण गर्दा बिचौलियाहरु सक्रिय रहनेतर्फ सचेत रहन सुझाव दिएका छन् । पहिलेका जस्तो सम्पन्न शाली जग्जाका धनीहरुलाई पुर्जा वितण गरियो, जो टाठा बाढाले मात्रजग्गा धनी पुर्जा पाए। अवको समितिले हुकुमवासि लाई नभएर, सुकुमवासिलाई मात्र जग्जा धनी पुर्जा प्रदान गर्ने विश्वास व्यक्त गरेका थिए। व्यक्ति र कम्पनीका नाममा रहेको हदबन्दीभन्दा बढी जग्गासमेत आयोगले भूमि ऐनबमोजिम सुकुम्बासी र अव्यवस्थित बसोवासीलाई बाँड्न सक्ने व्यवस्था गठन आदेशमा छ यही, अनुरुप कालिकोटमा पनी स्थानिय तहले सुकम्वासीहरुको लिस्ट अनुसार काम सुरु गर्ने वमले बताए । अहिले सम्म खाँडाचक्र नगर पालिका संग सम्झौता भएको छ।

## अग्नि पीडितलाई..................

आगलागीमा ३२ घरमात्र जलेका थिए। खाडामा भएको आगलागीमा ३२ घरहरु पूर्ण रुपमा जलेर नष्ट भए । अन्य आश्रित परिवार समेत जोडेर ४२ परिवारहरु प्रभावित भएका थिए । लाखौंको धन माल क्षति भयो। यस्तै गत वर्षको चैतमा पनि जिल्लाको पचालझरना गाउँपालिका वडा नं. ३ स्थित खाद्रुमा घरमा आगलागी हुँदा ३५ बाख्रा जलेर नष्ट भएका थिए। स्थानीय लोकेन्द्र कठायतको घरमा आगलागी हुँदा गोठमा हुलेका ३५ वटा बाख्रा जलेर नष्ट भएका थिए । आगलागीबाट ४ लाख बराबरको क्षति भएको थियो। जंगलबाट आएको आगो घरमा सल्किएर गोठमा हुलेका ३५ बाख्रा जलेका थिए। यो वर्ष पनि दुई पटक आगलागी भएको छ। गत पुसमा राचुलीको दलित बस्तीमा भएको आगलागीबाट १३ घर जलेका थिए। लाखौंको क्षति भयो। गत शुक्रबार रताडामा आगलागी हुँदा ६ परिवारको विचल्ली नै भएको छ।

**नेपाली जनताको घरघरमा दिपावली, राष्ट्रिय प्रजातन्त्र दिवसको सम्मान र खुशियाली ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौँ ।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

**सान्नी त्रिवेणीको सन्देश**

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत